# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, फाल्गुण ३० गते,२०७५ साल (संख्याः १४

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७५

स्थानीय शिक्षा ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको नियमावली स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७५

**प्रस्तावना**

मुसिकोट नगरपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४ दफा ४२ ले दिएको अधिकार प्रयोग गरी ऐनको अनुसूची १ अन्तर्गतको स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न मुसिकोट नगरपालिकाले यो "मुसिकोट नगरपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७५" बनाई लागू गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "मुसिकोट नगरपालिकाको सडक मर्मत तथा सडक मर्मतकर्ता (लेन्थवर्कर्स) ब्यबस्थापन एवं सञ्चालन सम्बन्धी कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट नगर कार्यपालिकाले स्वीकृत गरेपछि तुरुन्तै लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः—

क) “ऐन” भन्नाले मुसिकोट नगरपालिकाको भौतिक पूर्वाधार ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख) “नगरपालिका” भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

ग) “कार्यालय” भन्नाले मुसिकोट नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) “समिति” भन्नाले मुसिकोट नगरपालिकाको यस कार्यविधि बमोजिम गठित सडक मरम्मत ब्यबस्थापन समितिलाई सम्झनु पर्दछ ।

ङ ) “सडक मरम्मतकर्ता” भन्नाले मुसिकोट नगरपालिका भित्र सञ्तालनमा रहेका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकलाई अवरोध हुन नदिने र सडक नियमित रुपमा मर्मत संहारगरि गुणस्तरीय बनाउने प्रयोजनका लागि नगरपालिकाबाट यस कार्यबिधि बमोजिम आवधिक रुपमा करारमा नियुक्त श्रमिकलाई सम्भनुपर्छ ।

च) “करार” भन्नाले मुसिकोट नगरपालिकाले अस्थायी रुपमा सडकमर्मतकर्ता नियुक्त गर्ने सम्वन्धमा नगरपालिका र सडकमर्मतकता बीच भएको आवधिक सम्झौता लाई सम्झनु पर्दछ ।

छ) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ

ज) “कार्यपालिका” भन्नाले मुसिकोट नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

झ) “नगर सभा” भन्नाले मुसिकोट नगरनगरपालिकाको सभा सम्झनु पर्दछ ।

ञ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ट) “तोकिएको” वा “तोकिए वमोजिम” भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ठ) “नाइके” भन्नाले सडक मरम्मतकर्ता लाई परिचालन गर्ने समेतको जिम्मेवारी पाएको पाएको सडक मर्मतकर्ता समूहको नाइके सम्झनु पर्छ ।

ड. “सडक प्राविधिक”भन्नाले सडक मरम्मतको लागि नाइके,सडक मरम्मतकर्तालाई आवस्यक प्रबिधिक सहयोग उपल्ध्ध गराई कार्य सम्पादनको मूल्याकङ्क गर्ने समेतको जिम्मेवारी तोकिएको नगरपालिकाको इन्जिनियर वा सव इन्जिनियर सम्झनुपर्छ ।

## परिच्छेद २

## सडक मरम्मतकर्ताको ब्यवस्थापन र सञ्चालन

३) **सडक मरम्मतकर्ताको ब्यवस्थापन** :नगरपालिकाको नगरसभाबाट बिनियोजित बजेट र कार्यक्रमको परिधि भित्र रही सडक मरम्मतकर्ताको ब्यवस्स्थापन रेखदेख र अनुगमनका लागि सडक मरम्मत ब्यवस्थापन समिति,सडक प्राविधिक र नाइके र सडक मरम्मतकर्ताको ब्यवस्था गरिनेछ ।

४) **सडक मरम्मतकर्ता ब्यवस्थापन समिति** :(१)मुसिकोट नगरपालिका भित्रका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक मर्मत सम्भार कार्यलाई ब्यबस्थित गर्न सडक मरम्मतकर्ता ब्यवस्थापन समिति रहनेछ (२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

नगरपालिकाको पूर्वाधार बिकास समितिको संयोजक संयोजक

नगरकार्यपालिकाले तोकेको कम्तिमा १ जना महिला सहित २ जना सदस्य

प्रमुख प्रशाशकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी सदस्य

नगरकार्यपालिकाले तोकेको नगरपालिकाको सिभिल इन्जिनियर सदस्य

नगरपालिकाको पूर्वाधार बिकास समितिको सदस्य सचिव

सदस्य सचिव

**(३) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क. नगरपालिका भित्रका सडकहरुको अवस्थाको अनुगमन गर्ने

ख. आवस्यक सडकमर्मतकर्ताको संख्या एकिन गरि स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्ने

ग. नगरकार्यपालिकाबाट स्वीकृत संख्या (दरवन्दि) बमेजिमको सडक मर्मतकर्ता आपूर्तीका लागि बिज्ञापन प्रकाशित गर्न कार्यालयलाई लेखि पठाउने ।

घ. योग्य उमेदवार छनोट गरि नियुत्तिका लागि कार्यालयलाई लेखि पठाउने ।

ङ. सडक मरम्मततकर्ता र सडक प्राविधिकको अनुगमन गर्ने

च. सडक मरम्मतकर्ताको कार्य सम्पादन सन्तोषजनक नरहेको भनि सडक प्राविधिकबाट प्रतिवेदन प्राप्त भएमा निज संग स्पस्टिकरण माग गरि

सो को जाचबुझ गरि  कार्य सम्पादन सन्तोषजनक नरहेको पाइएमा निजलाई पदवाट हटाउनका लागि कार्यालयमा लेखि पठाउने

छ. नगरपालिका भित्रका सडकको गुणस्तरीयताका लागि नगर कार्यपालिका लाई आवस्यक सुझाव दिने ।

ज. कार्यसम्पादनमा आधारित भुक्तानीको मापदण्ड बनाई लागु गर्ने ।

झ.नगरकार्यपालकाले दिएको निर्देशनको पालना  गने ।

**५. सडक प्राबिधिक रहने** (१)समितिको निर्देशनमा रही सडक मरम्मतकर्ता र नाइकेको परिचालन गर्न सडक प्राबिधिक रहने छ

(२)सडक प्राबिधिकका काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ

क.  सडक मरम्मतकर्ताहरुको कम्तिमा ६ र बडिमा १० जना मध्येबाट नाइकेको छनोटका लागि समितिमा सिफारिश  गर्ने

ख. नाइके सडक मरम्मतकर्ता मार्फत सडक मरम्मतकर्ता परिचालन गर्ने

ग. सडक मरम्मतकर्ताहरुको कार्य सम्पादन मूल्याङ्कन गरी पारिश्रमिक भुक्तानीको लागि सिफारिस गर्ने

घ. सन्तोषजनक कार्य सम्पादन नभएका सडक मरम्मतकर्ता र नाइकेलाई पदबाट हटाउन समितिमा सिफारिस गर्ने,

ङ. सडक मरम्मतकर्तालाइ आवस्यक पर्ने औजार सामाग्रीको कार्यालयमा माग पेश गर्ने

च. सडक मरम्मतकर्तालाई कार्यक्षेत्र तोकिदिने,

मुसिकोट राजपत्र

छ. सडक मरम्मतकर्ताको कार्यबिबरण तयार गरि सोही बमोजिमको भुक्तानीको लागि कार्यलयमा सिफारिश गर्ने,यसरी सिफारिश गर्दा आधारभूत पारिश्रमिक बराबरको थप पारिश्रमिक सम्मका लागि सिफारिश गर्न सकिने छ।

**६.सडक नाइके सम्वन्धि ब्यवस्था**

(१) ६ देखि १० जना सम्म सडक मरम्मतकर्ता परिचालनका लागि सडक प्राबिधिकको सिफारिशमा समितिले सडक मरम्मतकर्ता मध्येबाट सडक मरम्मतकर्ता नइके नियुक्त गर्नेछ।

(२) सडक मरम्मतकर्ता नाइकेले सडक मरम्मतकर्ताको आधारभूत पारिश्रमिक सहित थप आ.व. २०७५।०७६ का लागि कार्य सम्पादनका आधारमा प्राविधिकको सिफारिसका आधारमा बढिमा १० प्रतिशत भत्ता पाउनेछ।

(३). सडक मर्मतकर्ता नाइकेको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. सडक प्रबिधिकको सल्लाह बमोजिम सडक मरम्मतकर्ता परिचालन गर्ने

ख. सडक मरम्मतकर्ताको दैनिक हाजिरी रेकर्ड राख्ने

ग. सडकको मरम्मतकार्य गुण्स्तरीय बनाउने

घ. सडक मरम्मतकर्ताहरु बीच सु सम्वन्ध स्थापित गर्ने

ङ. सडक मरम्मतकर्ताहरु संग सहजकर्ताको रुपमा भूमिका निर्वाह गर्दै स्वयंले समेत मर्मतकर्ताको समेत कार्य गर्ने

च. सडक मरम्मतकर्ताहरुलाई आवस्यक पर्ने औजारको लागि सडक प्रबिधिक मार्फत औजार उपलव्ध गराउने

छ. समूहका औजारको सुरक्षा गर्ने,

**७. सडक मरम्मतकर्ताको योग्यता**

क. नेपाली नागरिक

ख. १८ बर्ष उमेर पुरा भई ५० बर्ष ननाधेको

ग. साक्षर

ङ. शररीक रुपमा तन्दुरुस्त रहेको

**८.सडक मर्मतकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु** सडक मर्मतकर्ताले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम हुनेछ ।

| क्र.स | संरचना | मर्मत तथा सम्भार कार्यको विवरण |
|---|---|---|
| १ | सडक | पहिरो तथा अवरोधको सफाई गर्ने |
| २ | माटो तथा ग्राभेल सतह | नाली, खोल्सी आदिको मर्मत गर्ने, पानी निकासको प्रबन्ध, ढुङ्गाको सोलिङ्ग तथा ग्राभेल बिछ्याउने कार्य गर्ने |
| ३ | सडकको सतह | नाली, गल्छी आदिको मर्मत, काटिएको डिलको मर्मत, पानीको उचित निकास गर्ने |
| ४ | सडक नाली | सडक नालीको सफाई, भू–क्षय क्षेत्र सफाई तथा मर्मतगर्ने |
| ५ | कल्भर्ट | कल्भर्ट र यससंग सम्बन्धित संरचनाहरुको सफाई तथा मर्मत गर्ने |

मुसिकोट राजपत्र

| | | |
|---|---|---|
| ६ | पुल | पुलको सतह,पुलसंग सम्बन्धित संरचनाहरुको सफाई गर्ने |
| ७ | सडक पेटी, नाली, भित्ता | घाँस तथा झाडी काट्ने सफाई गर्ने |
| ८ | सडक चिन्ह तथा सडक फर्निचर | सफाई, मर्मत सम्भार तथा सडक फर्निचर फेर्ने कार्य गर्ने |
| ९ | पर्खाल, टेवा पर्खाल तथा अन्य सडक संरचनाहरु | पानी बग्ने क्षेत्र, सडकको पर्खाल, साना तिना मर्मत तथा भू–क्षयको मर्मत गर्ने |
| १० | सडक अधिकार क्षेत्र | वायो ईन्जिनियरिङ्ग व्यवस्थापन र बृक्षारोपण गर्ने |
| ११ | अन्य कार्य | यस बाहेक कार्यालयबाट खटी गएका सडक प्राविधिकले तोके बमोजिमका नियमित मर्मत सम्भार सम्बन्धी अन्य कार्यहरु गर्ने । |

९) **सडक मर्मतकर्ताको पारिश्रमिक :** १) सडक मर्मतकर्ताको पारिश्रमिक करारनामामा उल्लेख गरे बमोजिम वा नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१०) **सडक मर्मतकर्ताको नियुक्ति र अवधि :**(१).नगरपालिकाले कम्तिमा ३ महिना र बढिमा १ आर्थिक बर्षका लागि मान्य हुनेगरि सडक मर्मतकर्ता नियुक्त गर्ने छ ।

मुसिकोट राजपत्र

(२) नगरसभाले बिनियोजन गरेको सडक मरम्म्मतकर्ताको बजेटको सीमा भित्र रही नगरकार्यपालिकाले सडक मरम्म्मतकर्ताको संख्या (दरवन्दी) कायम गर्नेछ

(३) नगरकार्यपालिकाले कायम गरेको दरवन्दि बमोजिम सडक मरम्मतकर्ताको खुला बिज्ञापन गरी, सडक मरम्मतकर्ता ब्यवस्थापन समितिले सडक मरम्मतकर्ताको छनोट गरि करार सम्झौताका लागि कार्यालयलाई लेखि पठाउने छ।

(४) कर्यालयले यस कार्यबिधिको अनुसूची २ मा उल्लेख भए बमोजिमको ढाँचामा करारनामा गरी सडक मरम्मतकर्तालाई नियुक्ति दिनेछ।

**११) सडक मर्मतकर्ताले पालना गर्नुपर्ने आधारभूत शर्तहरु** :सडक मर्मतकर्ताले पालना गर्नुपर्ने आधारभूत शर्तहरु देहाय बमोजिम हुनेछ

१. नियमित सडक मर्मत सम्भार सदस्य (श्रमिक) ले काम गर्ने समयमा मादक पदार्थ सेवन गरेर काम गर्नु हुंदैन।

२. दैनिक सडक नियमित मर्मत सम्भारगर्दा कार्यालयले उपलब्ध गराएका सेफ्टी ज्याकेट, झण्डा, पंजा, टोपी गमबुट र आवश्यकता अनुसार हेल्मेटको अनिवार्य प्रयोग गर्नुपर्नेछ।

३. नियमित सडक मर्मत सम्भार श्रमिकले कार्यालयबाट प्रदान गरिएको परिचय–पत्र अनिवार्य रुपमा प्रयोग गर्नुपर्छ।

४. दैनिक सडकमा नियमित मर्मत सम्भारको काम गर्दा दुर्घटना प्रति सजक र सतर्क भएर गर्नुपर्छ।

५. नियमित सडक मर्मत सम्भार सदस्य (श्रमिक) ले तोकिएको कार्य गरिरहेको समयमा आफु दुर्घटना परेमा सडक प्राबिधिक वा वार्ड अध्यक्षलाई तुरुन्तै खबर गर्नुपर्नेछ ।

६. सडक प्राबिधिक वा वार्ड अध्यक्षले दुर्घटनाको खबर सम्बन्धित कार्यालयलाई तुरुन्त गर्नुपर्नेछ ।

७. पूर्वाधार विकास शाखा प्रमुखले सिफारिस पत्रका साथ दाबी फारम भरी विमा कार्यको क्षतिपूर्तिको लागि कारवाही अगाडि बढाउनुपर्ने छ ।

८. नियमित सडक मर्मत सम्भार श्रमिकलेदुर्घटना भई अस्पताल लगिएको भए औषधोपचार गर्ने चिकित्सकले जाँचेको पूर्जि/रसिद, एक्सरे रिपोर्ट औषधी किनेको बिलको सक्कलप्रति सुरक्षित राख्नुपर्छ ।

## परिच्छेद – ४

## सडक मर्मतकर्ताको छनोट

**१२. छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका सडक मर्मतकर्ता कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) सडक मर्मतकर्ताको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची (२) बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना कार्यालयले तोके बमोजिम हुनेछ । आवेदन दस्तुर नगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ

क. शाररीक तन्दुरुस्तथा वापत ( ४० (चालिस)

ख. कार्य अनुभव वापत ( २० (बीस) अंक (प्रति वर्ष ५ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम ( २० (दश) अंक

१. सम्बन्धित नगरपालिकाको बासिन्दा भएमा ( २० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा (१० अंक

घ. अन्तवार्तामा अधिकतम २० अंक ।

यस अनुसार अकं प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ । १४ अंक भन्दा माथी अंक दिदा कारण खुलाउनु पर्ने छ ।

१३. **सूचिकरणको विवरण प्रकाशन गर्ने** (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको क्षेत्र,वार्ड आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस

मुसिकोट राजपत्र

गर्नुपर्नेछ । तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

**१४.करार गर्ने:** (१) कार्यालयले सूचिकृत गरेका मुख्य उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने सूचिकृत उम्मेदवारसँग कार्यालयले अनुसूची ( १ बमोजिमको कार्य(विवरण सहित अनुसूची ( ३) बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ । उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात तोकिए बमोजिको पत्र कार्यालयले सडक मर्मतकर्ता कर्मचारीलाई दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा वडा,क्षेत्र समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि अर्को वर्षको असारसम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर यस कार्यबिधि जारी भएको आर्थिक बर्षको हकमा बाकी समयको लागि करार सम्झौत गर्न बाधा पुगेको मानिने छैन ।

(६) उपदफा (५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनः अर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनः परिक्षण, छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ ।

(७) सडक मर्मतकर्ता कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

(८) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा बढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

**१५. कार्य शर्त, पारिश्रमिक र अवधि** (१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका सडक मर्मतकर्ता कर्मचारीको मासिक पारिश्रमिक करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयले करारका सडक मर्मतकर्ता कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण (Time Sheet) सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखाको सिफारिशको आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम सडक मर्मतकर्ता कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

(४) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तो करारको अवधी एक पटकमा १ (एक) वर्ष भन्दा बढी हुने छैन ।

मुसिकोट राजपत्र

१६ **करार समाप्तीः** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा नेपालको संविधान बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ ।

(२) करार सम्झौता गरिएको सडक मर्मतकर्ता कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विषयगत शाखा वा कार्यालयले सिफारिश गरेमा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ ।

१७) **पोशाक** : सडक मर्मतकर्ताको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१८) **प्रारम्भिक पोशाक र सामान** : प्रत्येक सडक मर्मतकर्ता लाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ ।

## परिच्छेद ५
## विविध

**१९. सडक मर्मतकर्ताको पारिश्रमिक भुक्तानी**

सडक मर्मतकताहरुको मासिक ज्याला भुक्तानी ब्यक्तिगत बैँक खाता अनिवार्य रुपमा खोल्न लगाई उक्त खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**२०. औजार तथा पेशागत सुरक्षा, स्वास्थ्य**

सडक मर्मतकर्तालाई मर्मत सम्भार कार्यका लागि आवश्यकऔजार, उपकरण तथा पेशागतसुरक्षाका सामाग्रीहरु कार्यालयबाट उपलब्ध गराइनेछ । कार्यालयले उपलब्ध गराउने औजार, उपकरण तथा पेशागत

मुसिकोट राजपत्र

सुरक्षा र स्वास्थ्य सामाग्रीहरु तपसिलको तालिकामा उल्लेख भए बमोजिम हुनेछ । समूह सदस्यहरुले काम गर्ने समयमा अनिवार्य रुपमा आवश्यकता अनुसारकापेशागत, स्वास्थ्य र सुरक्षा सामाग्री लगाउनु पर्दछ । जस्तैः सुरक्षा भेष्ट, हेलमेट, मास्क, गमबुट, चस्मा, पञ्जा आदि र समूहकासदस्यहरुले साईटमा काम गरिरहेको भन्ने पहिचान दिनको लागि Traffic Code को अनिवार्य प्रयोग गर्नुपर्नेछ । प्राथमिक उपचारको बाकस साईटमा सधैं सुरक्षितरुपमाराख्नुपर्नेछ । सडक मर्मत समूहले प्राप्त गरेका सबै औजार तथा सुरक्षा सामाग्रीहरुको सुरक्षाकोजिम्मेवारी स्वयं समूहलेलिनुपर्नेछ । करारको अवधि अन्त्य भएपछि सम्पूर्ण सामाग्री कार्यालयमा बुझाउनुपर्नेछ र भाँचिएका वा बिग्रिएका औजारहरु फेर्नको लागि कार्यालय वा सम्बन्धित प्रतिनिधिलाई सुझाव दिनुपर्नेछ । सुरक्षा सामाग्री अनुसूची ४ बमोजिम हुनेछ ।

२१. तालिम तथा सुपरिवेक्षणः

कार्यालयले नियमित सडक मर्मतकर्तालाई मर्मत सम्भार अन्तर्गत गरिने क्रियापलापहरु सम्बन्धी ज्ञान सिप सिकाउने उद्देश्यले आवश्यक तालीम उपलब्ध गराउनेछ । यस्ता तालीमहरु सडक मर्मतकर्तालाई करार सम्झौतामा हस्ताक्षर गरे पश्चात कार्यालयले उपलन्ध गराउनु पर्नेछ । तालीममा करार सम्झौतामा उल्लेख भएका शर्तहरुको बारेमा बुझाउनु पर्नेछ । साथै भुक्तानी विधि, नियमित मर्मत सम्भार कार्यविधि, कार्ययोजना, औजार उपकरणको उपयोग विधि, पेशागत सुरक्षा, प्राथमिक उपचार र विमा सम्बन्धी विषयहरुमा जानकारी गराउनु पर्नेछ ।

२२. मासिक कार्य योजनाः

प्रत्येक महिनाको शुरुमा नगरपालिकाको पूर्वाधार विकास शाखाबाट खटिएका नगरपालिकाका सडक मर्मत सम्भार इन्जिनियर ,सडक मर्मत सम्भार सव–इन्जिनियर वा कार्यालयको प्रतिनिधिसंग छलफल गरी सोबाट कायम भए अनुसारको सडकको कुन–कुन खण्डमा के–केकार्यहरुसम्पादन गर्ने भनेर मासिक मर्मत संभार कार्ययोजना बनाइने छ । सबै सडक मर्मतकर्ता सदस्यहरु परिचालन गरी कार्य योजना बमोजिमको कार्य महिनाको अन्तसम्ममा सम्पन्न गर्न सडक मर्मतकर्ता जिम्मेवार रहनेछ ।

यसरी मासिक रुपमा तोकिएको कार्ययोजना अनुसारको मर्मत सम्भार सम्बन्धी कार्य हुननसकेमा मासिक ज्यालामा सम्पादन हुन नसकेको कार्यको ज्याला घटाइने छ ।

**२३. अनुगमन, निरीक्षण र कार्यसम्पादनाका सूचकहरुः**

नियमित सडक मर्मत तथा सम्भारकर्ता बाट सम्पादन गरिएका कार्यहरुको नियमित निरीक्षण, अनुगमन सम्बन्धित प्राविधिक तथा कार्यालयबाट खटिएका प्राविधिकबाट गरिनेछ । यसरी निरीक्षण, अनुगमन गर्दा सम्पादन गरिएका कार्यहरुको गुणस्तर, परिमाण अनुसार भए नभएको नापजाँच गरी मुल्याङ्कन गरिनेछ । सडक मर्मतकर्ताले मासिक रुपमा स्वीकृत कार्ययोजनामा उल्लेख भएको क्रियाकलापहरु आधार मानेर कार्य सम्पादन गर्नुपर्नेछ । सम्पादन भएको कार्यको परिमाण र गुणस्तर तोकिए बमोजिम नभएको खण्डमा सम्पादीत कामको परिमाण तोकिएको गुणस्तर बमोजिम भए नभएको नापजाँच गरिसके पश्चात मात्र सम्पादीत कामको भुक्तानी हुनेछ । कार्ययोजना अनुसार तोकिएको कार्य सम्पादन नगर्ने सडक मर्मतकर्ता लाई प्रथम पटक चेतावनी दिईनेछ । यसरी पटक पटक

मुसिकोट राजपत्र

कार्ययोजनामा उल्लेख भएको क्रियाकलाप अनुसार कार्यसम्पादन नगर्नेसडक मर्मतकर्ताको करार सम्झौता भङ्ग गरिनेछ ।

**२४. कार्यसम्पादनका मापदण्डः**

सम्झौतामा उल्लेख भए अनुसार कार्यालयका सम्बन्धित प्राविधिकले कार्य सम्पन्न भए पश्चात सडक नियमित मर्मत सम्भारमा तोकिएको गुणस्तर बमोजिम भए नभएको चेकचाँच गर्नेछ । नियमित सडक मर्मत सम्भार समूहले सम्पन्न गरेको गुणस्तरीय कार्यको सम्बन्धित प्राविधिकले नापजाँच, मूल्याङ्कन प्रतिबेदन प्रमाणित गरे पश्चात भुक्तानी दिइनेछ । तोकिएको गुणस्तर कायम नभएको र मासिक कार्ययोजनामा उल्लेख भए अनुसारको परिमाण बमोजिम कार्य नभएको भए त्यस्तो गुणस्तरहिन कार्यको भुक्तानी सडक मर्मतकर्ता लाई हुने छैन । कार्यसम्पादनका मापदण्डःअनुसूची ५ बमोजिम हुनेछ ।

**२५. नगरपालिका कार्यालयको जिम्मेवारीः**

१. कार्यालयले सडक मर्मत–सम्भार सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने प्रक्रियामा समूहलाई आवश्यक प्राविधिक तथा सामाजिक परिचालनका लागि आवश्यक सहयोगको व्यवस्थागर्नेछ ।

२. कार्यालयले सम्बन्धित सडकमा प्रतिनिधि पठाई वा कार्यालयमा नै समूह प्रतिनिधि संग नियमित सडक मर्मत सम्भार समुह संग सम्झौता गर्नेछ ।

३. कार्यालयले सम्पूर्ण सडक मर्मत संभार सदस्यको बैंक खाता खोल्न सहयोग गर्नुपर्नेछ ।

४. छनौट भएका मर्मत—सम्भार योजनाको कार्यहरुको प्रभावकारी कार्यान्वयन तथा गुणस्तर कायम गर्ने सम्बन्धमा आवश्यक समन्वय,

निरीक्षण, सुपरिवेक्षण, नियन्त्रण, नाप जाँच, अनुगमन र आवश्यक निर्देशन कार्यक्रमसंग सम्बन्धित प्राविधिक एवं कार्यालयबाट खटी गएका प्राविधिकहरुबाट दिनुपर्नेछ ।

५. कार्यालयले मर्मत—सम्भारको लागि आवश्यक गुणस्तरयुक्त सुरक्षाका सामाग्रीहरु, औजारहरु र अन्य सेवा खरिद गरी समूहलाई प्रदान गर्नेछ ।

६. सम्बन्धित सडकका लागि कार्यालयले तय गरेको नीति अनुरुप छनौट गरी सिफारिस भएर आएका समूहलाईकार्य शुरु हुनु भन्दा अगाडी सडकको आकस्मिक, नियमित तथा छड्के मर्मत सम्भार सम्बन्धी अभिमुखिकरण/तालीम सडक नियमित मर्मत सम्भार गर्ने स्थानमा नै दिने व्यवस्था गर्नेछ ।

७. कार्यालयले सम्झौता अनुरुप कार्यसम्पादन सूचकहरुको आधारमा तयार गरिएको े प्रतिवेदन तथा विलका आधारमा सडक मर्मतकर्ताको पारिश्रमिक भुक्तानी दिनेछ । यदि मासिक कार्ययोजना अनुरुप काम नभए गुणस्तर रुपमा काम हुन नसकेको परिमाण बराबर रकम घटाई भुक्तानी दिनेछ ।

८. कार्यालयले आवश्यकता अनुसार सडक मर्मतकर्तालाई रकम भुक्तानी सम्बन्धी खर्चको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

९. कार्यालयले नियमित सडक मर्मत सम्भारकर्ता संग कुनै पनि अवस्थामा योजनासंग सम्बन्धित विल भर्पाइहरु, डोर हाजिरी फारामहरु, जिन्सी नगदी खाताहरु, निर्णय पुस्तिका आदि जाँच गर्न सक्नेछ।

१०. कार्यालयले सडक मर्मत–संभार सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्ने सन्दर्भमा सडकमर्मतकर्ता लाई आवश्यक प्राविधिक सहयोग तथा प्रत्यक्ष

निरीक्षण अनुगमन तथा मूल्याङ्कनका लागि संघ र प्रदेशबाट खटि आएका टोलीलाई लाई जिम्मेवारी दिनुपर्नेछ ।

११. सडक मर्मतकर्ताले सम्झौता बमोजिम उल्लेखित मर्मत सम्भार सम्बन्धी कामहरु सन्तोषजनक रुपमा काम नगरेको पाईएमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ । बाँकी रहेको कार्यहरु कार्यालयले अन्य मर्मत सम्भार श्रमिक नियुक्त गरी सडकको नियमित मर्मत सम्भारको कार्य गराउन सक्नेछ ।

१२. दुर्घटना बीमा अन्तगत व्यहोरिने जोखीमहरु जस्तैः मृत्यु, स्थायी अशक्तता, स्थायी अशक्तताको लागि क्षतिपूर्ति, अस्थायी पूर्ण अशक्तता, औषधोपचार खर्च, हुलदंगा द्वेषपूर्ण कार्य/आतंक आदिका लागि कार्यालयले सामूहिक बिमाको व्यवस्था गर्नुपर्नेछ ।

१३. यसमा उल्लेख नभएका कुराहरु नेपाल सरकारको प्रचलित ऐन, कानून अनुसार हुनेछ ।

**२६) बिदा सम्वन्धि ब्यबस्था**

भैपरी बिदा सडक मरम्मत कर्ताले प्रति महिना १ दिन भैपरी बिदा पाउने छन

पर्व बिदा सडक मरम्मत कर्ताले कार्य गरेको महीनामा दशै,तिहार,पर्व परेमा दशैका लागि ३ दिन र तिहारका लागि २ दिन बिदा पाउने छन ।

बिदा अधिकार नभै सहुलियत मात्र हुने सडक मरम्मत कर्ताले बिदा सहुलियतको रुपमा मात्र उपयोग गर्न पाउने छन ।

मुसिकोट राजपत्र

२७) **बाधा अड्काउ फुकाऊः** मुसिकोट  नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सडक मर्मतकर्ताहरुको सेवा, शर्त, सुविधा र संचालन यस कार्यविधिमा व्यवस्था भएको हदसम्म यसै कार्यविधि बमोजिम हुनेछ । यस कार्यविधिमा व्यवस्था नभएका विषयहरुको हकमा कार्यपालिकाको निर्याय बमोजिम हुनेछ ।

२८) **कार्यविधि संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन मुसिकोट  नगर कार्यपालिकाले गर्न सक्नेछ ।

मुसिकोट राजपत्र

## अनुसूची ( १

## (दफा १४ सँग सम्बन्धित

## कार्यविवरणको ढाँचा

मुसिकोट नगरपालिका नगर कार्यपालिकको कार्यालय

...................

प्रदेश नं. ५ नेपाल

**कार्य विवरणको नमुनाः**

१. सडक मरम्मतकर्ताको  नामः

२. सडक मरम्मतकर्ताको  बाबु वा आमाको नामः

३. ठेगाना

४. सम्पर्क नं

५. काम गर्नुपर्ने स्थानः

६. सुपरिवेक्षकः

७. प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

८. कार्य विवरणः

१.

२.

३.

४.

मुसिकोट राजपत्र

अनुसूची ( २

(दफा १४ सँग सम्बन्धित

आवेदनको ढाँचा)

मुसिकोट नगरपालिका नगर कार्यपालिकको कार्यालय

..............................

प्रदेश नं..., नेपाल

<u>करारमा सेवा लिने सम्बन्धी सूचना</u>

(सुचना प्रकाशित मिति २०७५/ / )

मुसिकोट नगरपालिकाको लागी ..............................(विषयगत शाखा) मा रहने गरी ..............................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www. musikotmungulmi.gov.np बाट उपलब्ध हुनेछ ।

पद नाम संख्या

२. शैक्षिक योग्यता र अनुभव

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता ।

३. अनुभवको हकमा  सम्बद्ध कार्यमा कम्तीमा ...... वर्षको कार्य अनुभव भएको ।

४. .... वर्ष उमेर पुरा भई .... वर्ष ननाघेको हुनुपर्ने ।

५. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः

उम्मेदवारको व्यक्तिगत विवरण,

शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

अनुभवको प्रमाणित प्रतिलिपि

पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

मुसिकोट राजपत्र

अनुसूची ( ३

(दफा १४ सँग सम्बन्धित )

(करार सम्झौताको ढाँचा)

करार सम्झौता

मुसिकोट नगर कार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ..........जिल्ला, .........नगरपालिकारगाउँपालिका, वडा नं. ..... बस्ने श्री ...... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच मुसिकोट नगरपालिकाको ..............(        ) को कामकाज गर्ने गराउन मिति २०७   /....... /..... को निर्णय अनुसार देहायका कार्यशर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं स्

१. कामकाज सम्बन्धमा: दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२. काम गर्नु पर्ने स्थान :.............................................।

३. करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ...................(अक्षरेपी रु. ..............पारिश्रमिक उपलब्ध गराउनेछ ।

४. आचरणको पालनाः दोश्रो पक्षले नगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५. विदाः दोस्रो पक्षलाई सार्बजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको बिदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६. कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।

७. गोप्यताः दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८. करार अवधिः यो करार २०७... ।........।..........देखि लागु भई २०७.....असार १५ सम्मको लागि हुनेछ ।

९. कार्यसम्पादन मूल्यांकनः पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०. पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ

भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११. दावी नपुग्नेः दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दाबी गर्न पाँउने छैनरगर्ने छैन ।

१२. प्रचलित कानून लागू हुनेः यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१३.यस सझौता साथ संलग्न सम्पादन गर्नुपर्ने कार्यबिबरण र कार्यसम्पादनको स्तर मापदण्ड यसै करारको अभिन्न अंग मानिनेछ ।

| | |
|---|---|
| नगरपालिकाको तर्फबाट : | दोस्रो पक्ष (करार गर्ने व्यक्ति) : |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |

कार्यालयको छापः

मुसिकोट राजपत्र

# अनुसूची ४
## सुरक्षा सामाग्री
## दफा २० संग सम्वन्धित
### १.सुरक्षा सामाग्री

| क्र.स | सुरक्षा सामाग्री | उद्देश्य | परिमाण, संख्या |
|---|---|---|---|
| १ | चेतावनी झण्डा | कामदारहरु अगाडि काम गरिरहेको सूचना दिन | २ |
| २ | सुरक्षा भेष्ट | कामदारहरुलाई सडक मर्मत समूहको रुपमा पहिचान गर्न | ४ |
| ३ | हेलमेट/टोपी | टाउको बचाउंन | ४ |
| ४ | मास्क | धुलो वा ढुङ्घाको टुक्राबाट बच्न | ४ |
| ५ | बुट | तिखो बस्तु बाट सुरक्षा गर्न | ४ |
| ६ | रेनकोट | काम गर्दा पानीबाट बचाउन | ४ |
| ७ | प्राथमिक उपचारको बाकस | चोटपटक लाग्दा प्राथमिक उपचार गर्न | १ |
| ८ | पञ्जा | हातको सुरक्षाको लागि | ४ |
| ९ | चस्मा | आंखा सुरक्षित राख्न | ४ |
| १० | व्याग | डोर हाजिरा, सम्मmौता पत्र तथा अन्य सामान राख्नको लागि | १ |
| ११ | हाते पम्प | ठेला गाडाको टायरमा हावा हाल्न | १ |
| १२ | कपडाको जुत्ता | काम गर्दा खुट्टाको सुरक्षा गर्न | ४ |

## २ औजार

| क्र.स | औजार | उद्देश्य | परिमाण, संख्या |
|---|---|---|---|
| १ | ठेलागाडा | साईटबाट सडक सामाग्री ढुवानी गर्न | १ |
| २ | फरुवा | माटो वा ग्राभेल खन्न | ४ |
| ३ | गैंटी | कडा माटो खन्न | २ |
| ४ | बेल्चा | माटो वा ग्राभेल लोड गर्ने वा फाल्न | ४ |
| ५ | रेक | सडक सामाग्री फैलाउंन | २ |
| ६ | झारपात आंसी | झारपात काट्न | ४ |
| ७ | मसडी | बाक्लो झारपात काट्न | २ |
| ८ | ठूलो झम्पल | ठूला चट्टान हटाउंन वा फुटाउंन | १ |
| ९ | घन+छिना | ठूला चट्टाहरु फुटाउंन | ४ |
| १० | पुलीङ्घ डोरी | कामदारलाई बेल्चा प्रयोग गर्न | छैन |
| ११ | धुरमुस | माटो तथा ग्राभेल खोदनको लागि | १ |
| १२ | मेजरमेन्ट टेप | काम गरेको नाप्न | ४ |
| | चक्का | ठेलागाडा चक्का मरम्मत | १ |

## अनुसूची ४

## दफा २४ संग सम्वन्धित

## कार्यसम्पादनको स्तर ( Performance standards)

- सडक (Road) सडक सतह, सोल्जर वा सडक नालीहरुमा ५ घ.मी. भन्दा कम साईजका पहिरोहरु वा अन्य कुनै पनि अवरोधहरु हुनुहुँदैन । यदि ५ घ.मी. भन्दा ठूला साईजका पहिरोहरु भए सम्बन्धित कार्यालयमा तत्काल सूचना दिनुपर्नेछ । सडकमा सहज रुपमा गाडीहरु चल्न सक्ने हुनुपर्छ भने पानी सडकमा बगेको हुनु हुँदैन ।
- धुले वा ग्राभेल (Earthen or gravel surface) (सडकमा ६० से.मी. भन्दा ठूला खाल्डा (Potholes), १५ से.मी. भन्दा गहिरा लिग, रिल्स, खाल्डाखुल्डीर गल्लीहरुका साथै कोरुगेसनको उचाईको फरक ७ से.मी. भन्दा बढी हुनुहुंदैन । ग्राभेल सतहको मर्मतको सन्दर्भमा उपयुक्त ग्राभेलजन्य बस्तुहरु प्रयोग गर्नुपर्छ । लम्बाईतिर भू—क्षयको सन्दर्भमा नियमित फरक दुरीमा छड्के नालीहरु बनाउंनुपर्छ जस्ले गर्दा सडकबाट पानी सुरक्षितसंग बाहिर पठाउन सकियोस । जहाँ सडक सतहबाट पानी बाहिरिन्छ त्यहाँ ढुङ्गा छापिएको ड्रिफ्ट बनाउनुपर्ने हुन्छ ।ढुङ्गा छाप्ने सन्दर्भमा कुनै ढुङ्गा बाहिर नआई खेर नजाओस भन्ने उद्देश्येले राम्रोसंग जमीनमा गाड्नुपर्नेछ । यसले गर्दा पानी न त सडकमा बग्छ न त सडक सतहमा रहन्छ ।
- कालोपत्रे सतह (Blacktop surface) ( सडकमा ३० से.मी. फराकिलो र १०से.मि. भन्दा गहिरोखाल्डा (Potholes), हुनु हुदैन प्रति कि.मी लम्बाईमा ५ मी. भन्दा बढी सतहमा सिल नगरिएको क्रयाक हुनु हुँदैन ।
- सडक सोल्जर (Road shoulder ( सोल्जरमामा ३०×१०से.मी. भन्दा ठूला खाल्डा (Potholes) १०से.मी. भन्दा गहिरा लिग र रिल्स् हुनुहुंदैन । यसले गर्दा पानी न त सोल्जरमा बग्छ न त सडक सतहमा रहनेछ ।
- नालीहरु (Drains) ( सडक नालीको कुनै पनि भाग वा बिन्दुमा एक चौथाई भन्दा कम क्रस सेक्सनको क्षेत्रफल बन्द भएको हुनुपर्छ ।

मुसिकोट राजपत्र

नालीको चौडाई कम्तीमा १५ से.मी. र सडक सतह मुनि कम्तीमा १० से.मी. गहिराई हुनुपर्छ । नालीको पिंध तिखो हुनु हुंदैन र यसको व्यवस्थित निकास हुनुपर्छ । साईड नालीबाट पानी बिना रोकावट बग्नुपर्छ र नालीमा कुनै पनि भू—क्षय हुनु हुँदैन । पानी सडक र सोल्जर सतहमा बग्नु हुंदैन ।

- कल्भर्टहरु **(Culverts)-** (कुनै पनि विन्दुमा कल्भर्टको उचाईको एक चौथाई भन्दा कम भाग अवरोध भएको, भित्रि र बाहिरी भाग सफा, पानी बिना अबरोध बग्ने सक्ने र कल्भर्टको भित्री र बाहिरी भागमा भू—क्षय नभएको हुनुपर्छ । कल्भर्ट व्यासको कम्तीमा एक चौथाई कल्भर्ट माथि व्याकफिल (माटो) भएको हुनुपर्छ ।
- पुलहरु **(Bridges)-** (पुलको सतह सफा हुनुर्पेछ । पुलको कुनै पनि भाग वा बिन्दुमा एक चौथाई भन्दा कम क्रस सेक्सनको क्षेत्रफल बन्द भएको हुनुपर्छ भने पुलको दुवै पट्टिको भागमा ५ मीटर सम्मको क्षेत्रफलसम्म कुनै पनि किसिमको अवरोध हुनु हुंदैन । पुलमुनि पानी सजिलैसंग बग्न सक्ने हुनुपर्छ र पुल संरचनाको कुनै पनि भू—क्षय भएको हुनु हुंदैन ।
- झारपात **(Vegetation)-** ( सडकको १ मीटर भित्र ३० से.मी. भन्दा कम उचाईको झारपात (विरुवा बाहेक), सडक माथि फैलिएका झारपात वा विरुवा सडकको सतह भन्दा कम्तीमा २.५ मीटर माथि र पानी सडक सतहमा बग्दा कुनै रोकावट नहुने खालको हुनुपर्छ । स्लोप (छड्के सतह) मा रहेका झारपातहरु बेलाबेलामा छोटो हुने गरी काट्नु पर्छ तर पुरै हटाउंनु हुंदैन ।
- ट्राफिक चिन्हहरुर सडक फर्निचर **(Traffic signs and road furniture)** ( सबै ट्राफिक चिन्हहरु र सडक फर्निचरहरु सफा र पढ्न सकिने खालको हुनुपर्छ । चिन्ह भएका खम्बाहरु सिधा र राम्रोसंग

जमीनमा गाडिएको हुनुपर्छ । कुनै खराब भएका र हराएका चिन्हरुको बारेमा कार्यालयमा तत्काल सूचना दिनुपर्नेछ ।

- रिटेनिङगरपर्खालहरु र संरचनाहरु (Retaining walls and structures ( रिटेनि¨ पर्खालहरु तथा संरचनाहरुको बलियोसंग रहनुको साथै यिनीहरुको पछाडीको क्षेत्र राम्रोसंग कसिएको हुनुपर्छ । रिटेनि¨ पर्खालहरुमा कुनै पनि किसिमका खुकुला ढुङ्गाहरुका साथै अन्य वस्तुहरु खराबी नहुनुको साथै विपहोलहरु सफा हुनुपर्छ । रिटेनिङ्घ पर्खालहरु र संरचनाहरुको पिंधको भाग भू—क्षयद्वारा खियाई खराब गरेको हुनु हुंदैन । रिटेनिङ्ग पर्खालहरु र संरचनाहरुमा कुनै ठूलो किसिमको खराबी भए कार्यालयमा सूचना गर्नुपर्नेछ ।
- स्लोपहरु (छड्के सतहहरु) (Slopes) ( सम्भावित भू—क्षयबाट क्षति हुन सक्ने स्लोपहरु र सोल्जरहरुमा झारपात बस्तुहरु रोपिन्छ । विरुवाहरु सुक्नु हुँदैन र माटोमा राम्रोसंग सरेको हुनुपर्छ । स्लोपहरुमा खुकुलो ढु¨ाहरु वा अन्य वस्तुहरु हुनु हुँदैन ।

कार्यालयले नियमित सडक मर्मतकर्तालाई मर्मत सम्भार अन्तर्गत गरिने क्रियापलापहरु सम्बन्धी ज्ञान सिप सिकाउने उद्देश्यले आवश्यक तालीम उपलब्ध गराउनेछ । यस्ता तालीमहरु सडक मर्मतकर्तालाई करार सम्झौतामा हस्ताक्षर गरे पश्चात कार्यालयले उपलन्ध गराउनु पर्नेछ । तालीममा करार सम्झौतामा उल्लेख भएका शर्तहरुको बारेमा बुझाउनु पर्नेछ । साथै भुक्तानी विधि, नियमित मर्मत सम्भार कार्यविधि, कार्ययोजना, औजार उपकरणको उपयोग विधि, पेशागत सुरक्षा, प्राथमिक उपचार र विमा सम्बन्धी विषयहरुमा जानकारी गराउनु पर्नेछ ।

प्रमाणिकरण मिति : २०७५।११।३०

आज्ञाले,
नवराज भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू ३०**

मुसिकोट राजपत्र